**सुपरमाई हाईड्रोपावर लि.**
रजिष्टर्ड कार्यालय: का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाडौं
सुपरमाई हाईड्रोपावर
सुपरमाई हाईड्रोपावर परियोजना ७.८ MW.ईलाम

प.सं. आ.व २०८३/८४
च.नं. SHM/०८३/८४-४८ मिति : २०८३/०६/२६

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**बिषय : हकप्रद शेयर निष्कासनको पुर्व-स्वीकृती सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्वन्धमा यस कम्पनीको ११ औं बार्षिक साधारण सभाबाट पारित हाल कायम रहेको चुक्ता पुजींको १:१ अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने निर्णय अनुसार पुर्व स्वीकृतिको लागि विद्युत नियमन आयोगमा समक्ष निवेदन पेश गरेकोमा आयोगको मिति २०८३/०६/२३ गतेको च.न.३९६ को पत्र मार्फत केही संसोधन सहित हालको चुक्ता पुंजी रु.६४,२०,००,०००/- को करिब **१:०.९२५२** अनुपातमा हुन आउने रकम रु.५९,४०,००,०००/-को ५९,४०,००० कित्ता हकप्रद शेयर निष्कासन गर्नको लागि पुर्व स्वीकृति प्राप्त भएको व्यहोरा तंहाको जानकारीका लागि अनुरोध छ । आयोगबाट प्राप्त पत्रको प्रति यसै निवेदन साथ संलग्न छ ।

बोधार्थ:
श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर काठमाण्डौं ।

श्री माछापुच्छ्रे क्यापिटल लिमिटेड
बागदरबार, काठमाण्डौ ।

भवदीय,

.............................
(रवि पौडेल)
प्रमुख कार्यकारी अधिकृत

# विद्युत नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)


प.सं.:०८३/८४
च.नं.: ३५५

मिति:२०८३/६/२३

**श्री सुपरमाई हाईड्रोपावर लिमिटेड,**
ज्ञानेश्वोर, काठमाडौँ

**विषय : हकप्रद शेयर निष्कासनको पूर्व-स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा इलाम जिल्लामा अवस्थित ७.८ मे. वा. क्षमताको सुपरमाई जलविद्युत आयोजनाको लागि विद्युतको उत्पादन अनुमतिपत्र (वि.वि.वि.०७३/७४ वि.उ. १८८) प्राप्त कम्पनी श्री सुपरमाई हाइड्रोपावर लिमिटेडबाट हाल कायम चुक्ता पूँजी रु. ६४,२०,००,०००/- को १:१ अनुपातमा हकप्रद शेयर निष्काशनको पूर्व-स्वीकृतिका लागि मिति २०८२/१२/१८ मा प्राप्त भएको निवेदन सम्बन्धमा छलफल हुँदा कम्पनीले हकप्रद शेयर निष्कासनबाट प्राप्त हुने रकम मध्ये रु. ५९,४०,००,०००/- ले नबिल बैंकको कर्जा भुक्तानी गर्ने र बाँकी रहेको रु. ४,८०,००,०००/- मेसिनरी उपकरण मर्मत तथा सम्भार कार्यमा प्रयोग गर्ने उल्लेख गरेको हुँदा आयोगको अभ्यासमा मर्मत सम्भारमा खर्च गर्ने प्रयोजनका लागि हकप्रद शेयर निष्काशन गर्न नदिएको हुँदा नबिल बैंकको कर्जा भुक्तानी गर्ने प्रयोजनार्थ कम्पनीलाई हालको चुक्ता पुँजी रु. ६४,२०,००,०००/- को करिब १:०.९२५२ अनुपातमा हुन आउने रकम रु. ५९,४०,००,०००/- को ५९,४०,००० कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि मात्र तपसिलका शर्त सहित ***विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ९*** बमोजिम पूर्वस्वीकृति प्रदान गरिएको व्यहोरा आयोगको मिति २०८३/६/१९ को ***३२२ औं*** बैठकको निर्णयानुसार अनुरोध छ।

*शर्तहरू:*

*१. हकप्रद शेयरको निष्कासनबाट प्राप्त भएको रकम नबिल बैंकको कर्जा भुक्तानी गर्ने प्रयोजनमा प्रयोग गरी सोको पन्ध्र दिनभित्र पुष्टि हुने कागजात सहित आयोगमा जानकारी गराउनुपर्नेछ।*

*२. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।*

*३. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ।*

*४. तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।*

*५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।*

*६. हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।*

*७. अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ। उक्त विवरण पत्रमा आयोगबाट स्वीकृत भए बमोजिम नबिल बैंकको कर्जा भुक्तानी गर्ने प्रयोजनका लागि हकप्रद शेयरको निष्कासनको पूर्वस्वीकृति प्राप्त भएको समेत स्पष्ट रूपले खुलाई समावेश गर्नु पर्ने छ।*

...............
(शिक्षा भुसाल)
इन्जिनियर


**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२